## कोभिड १९ (COVID-19) बिश्वब्यापी महामारिको रोकथामको लागि चर्चहरुलाई पिडब्लुएफ वर्ल्ड मिसन कमिसनको सिफारिसहरु (PWF World Mission Commission)

यस कागजातको उदेश्य चर्चहरुलाई हालको कोभिड १९ संकटको पहिचान, योजना, अनुकूलन र प्रतिक्रिया दिन सहयोग गर्नु हो । निम्नलिखित पृष्ठहरुमा कोभिड १९ (कोरोना भाइरस) के हो, किन चर्चहरुले बिश्वब्यापि महामारी रोकथामको लागि सिफारिस गरिएका तरिकाहरु अबलम्बन गरी कसरी भुमिका खेल्ने भन्ने जानकारी समाबेस छ । कोभिड १९ सम्बन्धि थप जानकारीको लागि बिश्व स्वास्थ्य संगठन (WHO), जनस्वास्थ्य अधिकारीहरु र तपाईको सम्बन्धित सरकारको निर्देशनहरु पलना गर्न सल्लाह दिइन्छ । यो कागजात राष्ट्रिय योजना र बिश्व स्वास्थ्य संगठन (WHO) को सामाग्रीमा आधारित अतिरिक्त जानकारीको रुपमा हो प्रतिस्थापन होइन । यो बहुसंख्यक पेन्टिकोष्टल राहत र बिकास संगठनहरु र स्वास्थ्य बिशेषज्ञहरुको सहयोगमा तयार गरिएको छ । धेरैजसो सामाग्री लिभिङ्ग वाटर (हउस्टन, यु.एस.), टियरफन्ड र अन्यहरुद्धारा प्रदान गरिएको सिफारिसहरुमा आधारित छ । यस कागजातको सामाग्रीहरु भिन्न स्थानिय संदर्भहरु अनुसार फरक फरक भाषाहरुमा अनुवाद गर्न सकिनेछ ।

### कोरोना भाईरस रोग (कोभिड १९) भनेको के हो ?

हाल बिश्वभरी फैलिरहेका नयाँ कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई बिश्व स्वास्थ्य संगठनले कोभिड १९ को नाम दिएको छ र यसलाई बिश्वब्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ ।

कोभिड १९ ले कोरोना भाईरस रोग २०१९ लाई जनाउद छ । यो भर्खरै पत्ता लागेको कोरोना नामक जीवाणुका कारण हुने एक चुनौतीपुर्ण, संकामक रोग हो । यसले सम्पुर्ण विश्व भरि नै प्रभाव पार्न सक्ने संकेत दिंदै, सन् २०२० मार्च १० तारिकका दिन डब्ल्यू. एच.ओद्धारा यस कोरोनाभाइरस संक्रमणलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरिएको छ ।यो अत्यधिक संक्रामक रोग हो र हालसम्म यसको विरुद्ध कुनै खोप वा उपचार नभएको अबस्था छ। धेरैजसो ब्यक्तिहरु (अनुमानित ८०%) बिशेष उपचारको आवश्यकता बिना नै रोगबाट निको हुन्छन् । WHO का अनुसार कोभिड १९ हुने प्रत्ये ६ जना मध्ये एकजना गम्भीर बिरामी हुन्छ र श्वास फेर्न समेत समस्या हुन्छ। यो रोग बृद्ध ब्यक्ति र उच्चं रक्तचाप, मुटुरोग र मधुमेह जस्ता दिर्घरोगीहरुको लागी सबैभन्दा जोखिमपूर्ण छ। कोभिड १९ को सामान्य लक्षणहरु ज्वरो, थकान, निरन्तर खोकी, श्वास फेर्न समस्या हुने आदि भए पनि मानिसहरुले यस्ता लक्षणहरु नदेखिए पनि कोभिड १९ बोक्न र फैलाउन सक्छन् ।

WHO का अनुसार कोभिड १९ खोक्दा हाछ्यूँ गर्दा नाक वा मुखबाट निस्किने छिटाको माध्यमबाट एक ब्यक्ति बाट अर्को ब्यक्तिमा सर्दछ। साथै, अन्य ब्यक्तिहरुले पनि दुसित सतहहरु वा बस्तुहरु छोई आफ्नो आँखा, नाक वा मुख छोएपछि संक्रमन हुनसक्द छ ।

**कोभिड १९ रोगको संक्रमणको जोखिमबाट बच्नको लागि आधारभुत उपायहरु**

कोभिड १९ को संक्रमणबाट बच्नको लागि निम्न उपायहरु अपनाउनुपर्दछ।

१. बेलाबेलामा साबुनपानीले कम्तिमा २० सेकेण्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने ।
२. खोक्दा हाछ्युँ गर्दा नाक मुख टिस्यू वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले हात धुने ।
३. तपाइको आँखा, नाक वा मुख नछुनुहोस ।
४. अभिबादन गर्दा हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा नमस्कार गर्ने साथै सकेसम्म घरमै बस्न र भिडभाडमा नजाने ।
५. आफ्नो वरिपरी कसैले खोक्दा हाछ्युँ गर्दा कम्तिमा १ मिटरको दुरी राख्ने ।
६. बिरामी हुँदा घरमै बस्ने साथै ज्वरो आएमा, खोकि लागेमा वा श्वास फेर्न गाह्रो भएमा राष्ट्रिय स्वास्थ्य नितीले तोकिए बमोजिम नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
७. अभिबादन गर्दा बैकल्पिक तरिका अपनाउने जसमा शारिरीक रुपमा स्पर्ष समाबेस हुदैन ।
८. सुसुचित रहने र सरकार, स्थानिय अधिकारी तथा स्वास्थ्यकर्मी तथा दक्ष चिकित्सकहरुले दिएका सल्लाह सुझाबशरु पालना गर्ने ।

## चर्चहरुले कोभिड -१९ लाई किन सम्बोधन गर्नु पर्दछ ?

रोगको फैलावट कम गर्न चर्च र पास्टरहरु मदतको लागी विशेष भुमिका निर्वाह गर्न सक्दछन् । राखिएका हुन्छन । एउटा उदाहरण लागि अफ्रिकामा इबोला संकटको बेला चर्च र धार्मिक नेताहरुले खेलेको महत्तवपूर्ण भूमिकाको रुपमा हेर्न सकिन्छ ।

कोभिड-१९ जो नजिकको सम्पर्कमा छन् ति व्यक्तिद्धारा नै फैलिन्छ । यदि चर्चका आराधना सेवाहरु र अन्य जमघटहरुलाइ आबश्यक परिवर्तन गरिइको छैन भने, चर्चहरु रोग फैलिने ठाउँ बन्न सक्छ । यसले चर्चका सदस्यहरुलाई कोभिड-१९ फैलिने जोखिममा पार्न सक्छ साथै यसले चर्चका सदस्यहरु र वरपरका समुदायहरुको जीवनलाई खतरामा पार्दछ ।

यो समय हाम्रो बोलि र व्यवहारमा परमेश्वरको प्रेम बाड्ने एक अवसर पनि हो । चर्चहरुले सर्वाङ्गीण सेवा पुरा गर्न सक्दछ जुन अभिभाज्य सुसमाचार येशूको जीवन र कार्यमा देखाइएको छ ।

कोभिड-१९ समबन्धि मानिसहरुमा रहेको डर र आध्यात्मिक, भावनात्मक, शारीरिक, सामाजिक र सुरक्षा आवश्यकतालाई चर्चका विभिन्न सेवाहरु मार्फत चर्चहरुले आशा जगाउन सक्दछन् ।

चर्चहरुले सीमान्तकृतको तर्फबाट बोलेर सकारात्मक प्रभाव पार्न सक्दछन् , ताकि यो सार्वजनिक स्वास्थ्य आपतकालको समयमा उनिहरु थप सीमान्तकृत अवस्थामा हुने छैनन् ।

## चर्चहरुले कसरी सम्बोधन गर्न सक्छन् ?

चर्चहरुले सम्बोधन गर्दा यि चार मुख्य तरिकाहरु विचार गर्नुपर्छ :

## १. तपाईको चर्चमा कोभिड-१९ फैलिने जोखिम कम गनुहोस्

चर्चलाई आराधना र संगतिको बोलावटलाई नत्याग्ने भनिएको छ भने चर्चका सदस्यहरु र समुदायहरुमा कोभिड-१९ को फैलावट रोक्न नयाँ बाटो खोज्न सुझाव दिइन्छ । पास्टरहरुले पनि स्पष्ट सन्देश संचार गर्न प्रभाव पार्न सक्दछन् ।

### क. आराधना संगतिको लागी आबश्यक परिमार्जन गर्ने ।

चर्चले प्रदान गरेको आध्यात्मिक र सामाजिक हेरचाह विश्वव्यापी महामारीको समयमा भन्दा अझ महत्तवपूर्ण भए पनि, सम्पूर्ण व्यक्तिको लागी हाम्रो प्रेम र चासोको अर्थ हामीले पनि चर्चका सदस्यहरु र समुदायहरुको शारीरिक हितको लागि हेरचाह गर्न कदम चाल्नुपर्दछ । चर्चले कोभिड-१९ लाई फैलन वा विस्तारमा योगदान पुऱ्याइरहेको छैन भन्ने कुराको सुनिश्चित गर्न, यस रोगको फैलावटको तत्कालको डर हुन्जेल सामान्य चर्च भेलाहरु स्थगित गर्ने कुरामा जोड दिइन्छ । यसको मतलव सृजनात्मम तवरले चर्चले आराधना सेवा संचालत गनुपर्दछ ।

सरकारले धार्मिक सेवाहरु सहित सार्वजनिक जमघटहरु प्रतिवन्धित गरिसकेका छन वा छिट्टै नै गर्नेछन । फलस्वरुप चर्चहरुले पनि ठुलो भेला हुनबाट अलग रहनु पर्छ वा कमसेकम उनीहरुले कोभिड-१९को विस्तारलाई कम गर्न चर्च सेवाहरु परिमार्जन गर्नुपर्दछ ।

सावधानी अपनाएर सुरक्षित हुनुहोस ।
सर्तक रहनुस, सुचित हुनुहोस ।
एक अर्कालाई समर्थन गरेर दयालुहुनहोस ।
प्रार्थना गर्नुहोस

## संक्रमण न्यूनिकरणका लागी दिईएका अभ्यासहरु :

१) सामूहिक जमघटलाई निरुतसाहित गरौं ।
२) संक्रमण तथा लक्षण देखाउने व्यक्तिहरुबाट बैठक वा सेवाहरुमा उपस्थित हुनबाट रोक्न अनुरोध गर्नुहोस ।
३) जोखिमयुक्त समूहमा भएका व्यक्तिहरुलाई सेवामा भाग नलिने कुरा निश्चित गर्नुहोस तर त्यसको सट्टामा फोनकल जस्ता अन्य उपायहरु अबलम्बन गर्नुहोस ।
४) प्रत्येकलाई अरुहरुबाट कम्तीमा एक मिटर टाढा बस्न वा खडा हुन भन्नुहोस ।
५) बाहिर खुला हावामा भेट्नुहोस ।
६) एक अर्कालाई हात जोडेर अभिवादन गर्नुहोस । राष्ट्रिय स्वास्थ्य अधिकारीहरुद्धारा प्रदान गरिएका वैकल्पिक अभिवादन हेर्नुहोस जुन तपाईको सांस्कृति संग सान्दर्भिक हुन्छ ।
७) कप, प्लेटहरु र टोकरीहरु जस्ता बस्तुहरु साझारुपमा प्रयोग नगर्नुहोस ।
८) यदि तपाई सामन्यरुपमा भेट गर्न असक्षम हुनुहुन्छ भने सामाजिक संजाल मार्फत पठाउनको लागि सन्देशहरु रेकर्ड गर्नुहोस।

यसको साथै, चर्चका बारम्बार प्रयोग गरिने सेवा, सुबिधाका उपकरणहरु जस्तै प्राय छुने ठाउँहरु, माईक्रोफोनहरु, ह्याण्डलहरु  सफा र स्वचछताको लागि सुनिश्चित गर्नुहोस ।

अन्तमा, चर्चमा हात धुनका लागि सुविधाहरु सहित थप हात धुने ठाउँहरु चर्चको प्रबेशद्वारमा पनि सुनिश्चित गर्नुहोस ।

**सत्य र स्पष्ट सन्देशहरु संचार गर्नु :**
पाष्टरहरुले आफ्नो प्रभावशाली स्थानबाट निम्न सन्देशहरु संचार गर्न सक्दछन् :

१) कोभिड-१९ एक गम्भीर रोग हो जुन हामीले अरुमा फैलिनबाट रोक्न आवश्यक छ ।
२) कोभिड-१९ का सामान्य लक्षणहरु ज्वरो, थकान, निरन्तर खोकी र श्वासप्रश्वासका समस्या हो ।
३) यदि कसैले यि लक्षणहरु अनुभव गरिरहेको छ भने यो सिफारिश गरिन्छ कि त्यस्ता ब्यक्तिहरुलाइ १४ दिनसम्म अलग्गै (क्वारिन्टीनमा) राख्नुपर्छ र चिकित्सा सहायता लिनका लागि राष्ट्रिय स्वास्थ्य निदेशीकाहरु अनुशरण गर्नुहोस ।
४) कोभिड-१९ विरुद्ध आधारभूत सुरक्षात्मक उपायहरु ऋपनाउनुहोस (पृष्ठ १ मा उल्लेखित )
५) यदि कसैलाई कोभिड-१९ भयो भने, यसको मतलब यो होईन कि उनीहरुसंग आत्मिक रोग छ वा तिनीहरुलाई ईश्वरले डण्ड दिएको हो ।
६) कुनै व्यक्तिलाई कोभिड-१९ को संक्रमण छ भन्दैमा उसलाइ कलंकित गर्नु हुदैन वा थोरै विश्वास भएकोमा यस्तो भएको भनेर दोष लगाउनु हुदैन ।
७) धेरै बिरामीहरुलाई राष्ट्रिय स्वास्थ्य निर्देशीकाहरुको अनुसार चिकित्सा सल्लाह लिन प्रोत्साहित गर्नुहोस । (लुका १७: १४ मा येशूले बताउनुभएको उदाहरण हेर्नुहोस)
८) सावधानी अपनाएकोमा, अलग्गै घरमा रहदा वा शारीरिक अभिवादनको इन्कार गर्दा कसैलाई पनि निन्दा गर्नु हुदैन । यसको सट्टामा चर्चमा अनुकरणीय व्यवहारलाई चर्चा गर्नु पर्दछ ।

९) प्रभावितहरु जो डर र चिन्तामा रहेकाछन उनिहरुलाई सान्त्वना र उत्साह दिन प्रार्थना महत्वपूर्ण छ ।

यो संचार अनलाईन प्रवचन, रेकर्डिङ्ग, फोनकल, सन्देशहरु, सामाजिक संचार तथा आमसंचार (रेडियो र टेलिभिजन) जस्ता माध्यमद्धारा प्रदान गर्न सकिन्छ ।

यसका साथै, कोभिड-१९ को बारेमा धेरै गलत जानकारीहरु पनि प्रसारण हन सक्छ । यसकारण चर्चहरु र चर्चका अगुवाहरुले तथ्यमा आधारित जानकारी विश्वसनिय स्रोतहरुबाट मात्र संचार गर्नु महत्वपूर्ण हुन्छ ।

नोट : सधैं राष्ट्रिय अधिकारीहरु र विश्व स्वास्थ्य संगठनले तपाईलाई के संचार गर्न प्रोत्साहित गरिरहेको छ भनेर उल्लेख गर्नुहोस ।

**अनुकरणिय अनुशासित जिवनशैली प्रस्तुत गर्नहोस**

चर्चका अगुवाहरुले जिबन बचाउने ब्यबहारहरु प्रस्तुत गर्नुपर्दछ ।

१) कोभिड १९ को बिरुदमा सुरक्षाको उपायहरु अबलम्बन गर्ने (पेज १ मा उल्लेखित)
२) यदि कोभिड १९ को लक्षण देखिएका बिश्वासिले प्रार्थनाको लागी बोलाउदा स्वास्थ्य सम्बन्धि साबधानी अपनाउदै कम्तीमा १ मिटरको दरी राखि प्रार्थना गर्ने ।
३) बिश्व महामारिको बारेमा परमेश्वरमा सकारात्मक सोच, सहि कार्य तथा बिश्वासको अबलम्बन गर्ने

**२. चर्च सदस्यहरुको वास्ताका लागी**

क. एक्लो समयको लागी चर्चलाई तयार पारौं ।

कोभिड १९ प्रकोपको बेलामा, यसको रोकथामका लागी चर्चका सदस्यहरु शारीरिक रुपमा अलगगै बस्नु परिरहेको छ । यो अवस्थामा चर्चका सदस्यहरु चिन्तित र भयवित हुन सक्छन् । उनीहरु चर्चको मुख्य आराधना सेवाबाट पनि वञ्चित हुनु परेको अवगत नै छ । यसबाट सामुहिक संगति, प्रार्थना र एक अर्कालाई हौसला दिने सेवा पनि प्रभावित भएको छ । तसर्थ यस्तो बिसम् परिस्थितिमा चर्च परिवारलाई विभिन्न तरिकाहरुबाट एक अर्कासंग सुरक्षित तवरले सम्पर्कमा रहन र एक आपस्मा आत्मिकि सहायता र उत्साह कायम गरि रहन तयार गराउनु पर्छ । साथै प्रत्येक परिवारहरुलाई आफ्नो व्यक्तिगत आत्मिकि जीवन, प्रार्थना, बाइवल अध्ययन, मनन् र अन्य आत्मिक अनुशासनमा बढ्न सहायता गर्नु पर्छ ।

ख. चर्चका सदस्यहरुको वास्ता गर्न एक आपसमा जोडिन माध्यमहरु तयार गरौं ।

एक्लै बसेको अवस्थामा चर्च परिवारसंग फोनमा बातचीत र मेसेजहरुद्धारा एक अर्काको अवस्था थाहा गर्न चर्चका सबै सदस्यहरुको फोन नम्बर भए नभएको थाहा गर्ने ।

यसरी नै चर्चमा अति जोखिममा रहेका व्यक्तिहरु विशेष रुपमा बिरामी र वृद्धहरुको जानकारी लिई उनीहरुको खाद्यन्न, पानी, सरसफाइ र अन्य आधारभूत सामानहरुको अवस्था थाहा गरि ती आपुर्ति गर्न सहायता गर्न सकिन्छ ।

सहायता परयाउदा यस समुहका व्यक्तिहरु शारिरिक रुपमा कम्जोर हुने हुदाँ कोभिड १९को संक्रमणको जोखिममा नपर्ने करा सनिश्चित गर्नहोस ।

### ग. चर्चले यस्तो अवस्थामा बिश्वासिहरुको आत्मिक र धर्मशात्रिय प्रश्नहरुको सम्बोधन गर्नुहोस्

प्रायः विपद्, दुःख कष्टको बेला धेरै मानिसहरुले यस प्रकारका प्रश्नहरु गर्दछन् जस्तै “किन प्रेम गर्नु हुने परमेश्वरले दुःख कष्ट हुन दिनु हुन्छ ?” । यस्ता गम्भिर प्रश्नहरु सबै समय र संस्कृतिहरुमा गरिएको पाईन्छ ।

यस प्रकारका गाह्रो प्रश्नहरुको उत्तर परमेश्वरको वचन र प्रभु येशुको जीवनीबाट पाईने बुद्विद्वारा दिनु राम्रो हन्छ। कुनै पनि मानिसले भोगेको भन्दा धेरै येशुले सहनु भएको कारण उहाँले हाम्रो दुःख बझ्नभएकाृ छ र यस्तो घडिमा पनि  घडिमा हामीलाई सहायता गर्न हाम्रो साथमा हुनु हुन्छ ।

प्रभु येशुले हाम्रो डर र त्रासलाई बुझी ती सबै उहाँ सम्मुख प्रार्थनामा ल्याउन भन्नु भएको छ ( १ पत्रुस ५:७) । यस्तो डर लाग्दो परिक्षाको घडीमा परमेश्वरको प्रेम र महिमालाई प्रकाशित गर्दै दुखित र टुटेको संसार र मानिसहरु माझ शारिरिक स्वस्थ भन्दा महत्वपुण ईश्वरिय चंगाई र प्रशस्तताको जीवनको आशाको घोषणा गर्नु (यहन्ना १०:१०) प्रत्येक ईसाईको अहम जिम्मेवारी हो ।

### ३. समुदायको वास्ता गर्न चर्चलाइ परिचालन गर्ने ।

चर्च आफ्नै निम्ति मात्र नभएर परमेश्वरलाई प्रेम गर्न र आफ्नो छिमेकीलाई पनि प्रेम गर्न अस्तित्वमा रहेको छ। यस्तो विश्वव्यापी महामारीको बेलामा इसाईहरुले उत्साहको वचन तथा आशा र प्रेम सहितको जीवनद्धारा खीष्टिय साक्षी प्रस्तुत गर्नू पर्दछ। धेरै चर्चहरुले सामाजिक सेवा पनि गरिरहेको हुदाँ यसै सेवा मार्फत विभिन्न तरिकाले यस्ता विश्वव्यापी महामारीका अवस्थामा समुदायलाई प्रेम र वास्ता देखाउन सक्दछ ।

यदि तपाईको चर्चमा, चर्च परिचालन समिति वा स्वयम सेवकको समुह छ र उहाँहरु कोभिड १९को विरुद्ध आधारभुत सुरक्षा प्रति जानकार हुनु हुन्छ भने निम्न बुँदाहरुलाई अवलम्बन गरि आफ्नो समुदायमा सेवा पुऱ्याउन सक्नु हुन्छ ।

उदाहरणहरु :

- स्थानिय सरकार, नागरिक समाज, अन्य चर्च तथा अगुवाहरुसंग वृहत सहकार्य गर्ने ।
- कोभिड १९ र यसको विरुद्ध सुरक्षाका आधारहरु विषयक जानकारी सम्पुर्ण समुदायले थाहा गरे नगरेको निशितच गर्ने ।

- जोखिम अवस्थामा रहेका समुह जस्तै वालबालिका, असक्त, अपाङ्ग, निरक्षर आदिहरुले पनि कोभिड १९ विषयक जानकारी प्राप्त गर्नु पर्दछ । त्यसैले यी समुहका व्यक्तिहरुले जानकारी पाए नपाएको थाहा गर्नु पर्दछ । तसर्थ विभिन्न पोष्टर, जनचेतना मुलक चलचित्र, अर्थपुर्ण चित्रहरु, सांकेतिक भाषा सहितको चलचित्र तथा दृष्टिविहिनका लागी ब्रायल लिपिद्धारा जानकारीको पहुँच हुनु पर्दछ ।
- सफासंग हात धुन, हात धुने सामाग्री तथा पानी सम्पुर्ण समुदायमा भए नभएको सुनिश्चित गर्ने ।
- जोखिम तथा अलग्गै बसेको व्यक्तिहरुसंग प्रयाप्त खाने कुरा तथा अन्य आधारभुत आवश्यकता भए नभएको चेकजाच गर्ने ।
- एक्लोपन र डरको सामना गरि रहेका ब्यक्तिहरुसंग आनलाईनमा बातचीत र सहयोग गर्न सहायता गर्ने समुह तयार गर्ने ।
- चर्चसंग सम्पर्कमा रहन यदि कुनै सामाजिक सञ्जाल प्रयोग गर्नु भएको छ भने, त्यहि सञ्जालद्धारा चर्चका अन्य सदस्यहरुसंग जोडिनु होस् । खीष्टमा आशाको सकारात्मक सन्देशले एक्लोपनलाई सामना गर्न सहज बनाउँन सक्छ । यसरी त्रसित अवस्थामा उनीहरु एक्लो नभई चर्च साथ साथै छ भन्ने सन्देश जान्छ ।
- यस महामारीको बेला स्वास्थकर्मीहरु अधिक कार्य चापमा हुने हुदाँ, उहाँहरुलाई आवश्यक खानेकुरा र अन्य आधारभुत सामाग्रीको व्यवस्था पुर्‍याई सहयोग गर्ने ।
- स्वास्थ सम्बन्धि आधिकारिक व्यक्तिहरुसंग सहकार्य गरि समुदायमा रहेका कोभिड १९ द्धारा संक्रमितहरु पहिचान गर्न सहयोग गर्ने ।
- वर्तमान परिस्थितिसंग मेल खाने बाइवलिय कथाहरु र यी कथाहरुले हाम्रो यस अवस्थामा हामीलाई के सन्देश दिन्छ सो विषयमा छलफल गरि जानकारी बाँड्ने । असल उदाहारणका लागी मर्कुस ४: ३५ देखि ४१ (जहाँ येशुले आँधीलाई शान्त पार्नु भएको छ) हुन सक्छ ।

परमेश्वरको प्रेम, वचन र कामद्धारा प्रस्तुत गर्न चर्च सदैव उत्साहित नै हुन्छ । तथापी, यस्तो निराशाजन्य अवस्थामा, मानिसहरुको डर तथा उनीहरुको आवश्यकताको गलत फाइदा उठाई सुसमाचारिय कार्य गर्नु बुद्धिमानी हुदैन । बरु, हामी मानिसहरुलाई निस्वार्थ प्रेम देखाई, कसरी परमेश्वर माथीको भरोसाले यस्तो बिपदको बेलामा जिउन सहज भई रहेको साक्षी दिन सक्छौ ।

## ४. प्रार्थना र अन्तरविन्ति

मानिसहरुसंग सरोकार राख्ने पक्षहरुमा परमेश्वर सकृय हुनुहुने कुरामा चर्च विश्वास गर्दछ । तसर्थ हामी र हाम्रो चर्चले आफैलाई यस सत्यताको सम्झना गराई, यस कोभिड १९ विश्वव्यापी महामारिको अन्त्यका लागी प्रार्थना गर्नपर्द छ । तल हामीले गर्न सक्ने प्रार्थनाको नमुना छ ।

“कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्धारा धन्यवादसहित तिमीहरुका बिन्ति परमेश्वरमा जाहेर होऊन, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरुका हृदय र तिमीहरुका मनलाई येशुमा रक्षा गर्नेछ ।” फिलिपी ४: ६ देखि ७

**प्रार्थनाद्धारा विश्वव्यापी ख्रिष्टको शरिरको एकता ।**

२ ईतिहास ७: १४ बाट उत्प्रेरित भई सुरु र सञ्चालनमा रहेको एकता ७१४ प्रार्थना अभियानमा संलग्न होऔ । यस अभियानमा सहभागी हुन, नया र थप जानकारि प्राप्त गर्न www.unite714.com मा आफ्नो दर्ता गनुहोस् । प्रत्येक हप्ता, हामि हाम्रो मण्डलिमा र संगतिमा एउटै बिषयमा प्रार्थना गर्ने छौं र ब्यक्तिहरुलाई उहाहरुको स्थानिय समय बिहान ७:१४ र सांझ ७:१४ मा प्राथैना गर्न प्रोत्सहित गर्ने छौं । एक पटक हामीले माथी दिईएको ठेगानामा दर्ता गर्यौ भने हामीहरुले साप्ताहिक प्रार्थनाका विषय तथा अन्य सामाग्री प्राप्त गर्न सक्ने छौ। साथै यी जानकारीहरु हाम्रा अन्य सरोकारवाल साथी, सहकर्मी, अगुवाहरु र चर्चका सदस्यहरु माझ बाँड्न सक्ने छौ । यी सबै सामाग्री तथा जानकारी यस www.pwfellowship.org. ठेगानाबाट पनि प्राप्त गर्न सकिन्छ ।

**केही सामाग्रीहरु र वेबसाइट लिङ्क :**

- ✓ डा. विली विल्सन, पी. डब्लु. एफ र इम्पावर २१का अध्यक्ष बाटको सन्देश
  https://vimeo.com/399229556
- ✓ यु.एनका महा सचिवबाटको सन्देश

  https://www.facebook.com/watch/?v=911052209328888

- ✓ विश्व स्वास्थ संगठन

  https://www.who.int/emergencies/diseases/novel-coronavirus-2019

  https://www.who.int/news-room/q-a-detail/q-a-coronaviruses
  https://www.facebook.com/WHO/videos/

- ✓ चर्च विश्व परिषद्

  https://www.oikoumene.org/en/resources/documents/covid-19

## विश्वको लागी एक प्रार्थना

हे हाम्रा स्वर्गिय पिता, हामी तपाईका प्रिय पुत्र, हाम्रा उद्धारकर्ता येशु खिष्टको नाँउमा तपाईको अनुग्रहको सिंहासन अघि आउँछौ । हामी तपाईको सान्त्वना दिने वचनको साथ आउछौं जहाँ तपाईले भन्नु भयो “तिमीहरुका सबै फिकी उहाँलाई सुम्पीदेऊ किनभने उहाँले तिमीहरुको वास्ता गर्नु हुन्छ” (१ पत्रुस ५:७) ।  तपाईले हाम्रो पीडा र आवश्यकताहरुलाई जान्नु हुने भएकाले हामी कृतज्ञ छौ । हामी तपाईको अलौकिक बुद्धिका लागी पनि धन्यवादी छौ जसद्धारा तपाईसंग माग्नेहरुलाई उदारतासाथ तपाईले दिनु हुन्छ (याकुब १:५) ।

हामीले संसारका सबै मानिसहरुका लागी प्रार्थना गरि रहदाँ, हे पवित्र आत्मा, तपाई आफ्नो कृपा, सत्यता, दया र इच्छा प्रकट गर्नुहोस् ताकि कोहि पनि नाश नहोस् । तपाईको वचन र आत्माद्धारा व्यक्तिगत र सामुहिक पश्चातापमा हामीलाई डोऱ्याउनु होस् । तपाइको ईच्छा, स्वर्गमा झैं, यस पृथ्वीमा पुरा होस् ।

हामी कोभिड १९ले प्रत्यक्ष प्रभावित भएका ब्यक्तिहरुको निम्ति प्रार्थना गर्छौं जो घरमा, अस्पतालमा वा कुनै पनि स्वास्थ इकाईमा साथै बिरामीहरुको हेरचाह गर्ने आफन्त र स्वास्थ्य कर्मिहर रहेका छन् । तपाईले उहाँहरुलाई येशुको रगतमा सुरक्षा र चंगाई दिनुहोस् ।

हामी गरिब, सिमान्तकृत र स्वस्थ सेवाको पहुँचबाट वञ्चित हुनेहरुका लागी प्रार्थना गर्दछौ । हे प्रभु, उनीहरु माथी दया गर्नहोस् ताकि उनीहरुले स्वास्थ सेवा र सहयोग प्राप्त गरुन् । साथै, हाम्रौ हृदय पनि उनीहरुको लागी खोलिदिनुहोस ताकि उनिहरुको अबश्यकता परा हुन सकोस ।

हामी विभिन्न स्वास्थ क्षेत्रमा रहेका पुरुष र महिलाहरुको लागी प्रार्थना गर्दछौ जसले यस सेवाको लागी आफ्नो स्वास्थ र जीवन जोखिममा पारेर सेवा पुऱ्याउदछन् । तपाईले नै उहाँहरु र परिवारहरुलाई सुरक्षा दिनु होस् ।

धन्यवाद स्वर्गीय पिता, हामी तपाईको अघि आउन सक्छौ जो कहिले पनि निदाउनु हुन्न । तपाईले हाम्रो शिरमा भएका केशको पनि लेखा राख्नु भएको छ, र तपाईले हाम्रो दु:खको यो अवस्था पनि थाहा गर्नु भएको छ । आउनु होस् पवित्र आत्मा, हामीमा तपाई र हाम्रा छिमेकीका लागी आशा, सान्त्वना, शान्ति र प्रेम उत्पन्न गरि दिनुहोस् । परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्माको नाँउमा । आमेन ।

डा. ए.डी.बिकाम जुनियर बाट
सचिब, पेन्टिकोस्टल वर्ल्ड फेलोसिप
अध्यक्ष, आई. पी. एच. सी